जि. प्रशा.का.,बारा,द.नं.: ६४/०७२/०७३ जि. हुलाक का.,बारा,द.नं.: १०/०७२/०७३

सत्य, तथ्य र निष्पक्ष सामाचारका लागि

# साझेदारी

राष्ट्रिय दैनिक

SAJHEDARI NATIONAL DAILY

इ-पेपर हेर्नका लागि

वर्ष : ११ अंक : १७२ २०८२ साल पुस २५ गते शुक्रवार Friday 09, Jan. 2026 मूल्य रु. ५/- पृष्ठ : ४

## राजमार्गमा भईरहेको अवैध असुली रोक्न जेन-जी अगुवाको दवाब, सिडिओलाई ज्ञापनपत्र



*सिडिओ मिश्रलाई ज्ञापन बुझाउदै जेन-जी अगुवा ।* फोटोः साझेदारी

*रन्जन यादव*
*जीतपुर, २४ पुस*

राजमार्ग तथा विभिन्न सडक खण्डमा भइरहेका अवैध कर, शुल्क, चन्दा र जबर्जस्ती असुली तत्काल रोक्न माग गर्दै बाराका जेन-जी अगुवाहरूले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएका छन्।

जिल्ला प्रशासन कार्यालय बारामा बुझाइएको ज्ञापनपत्रमा स्थानीय समूह, व्यक्ति तथा गिरोहहरूले राजस्व, दान र शुल्कको नाममा दैनिक रूपमा अवैध असुली गरिरहेको उल्लेख गरिएको छ। ज्ञापन बुझाउने कार्यक्रममा सहभागी जेन-जी अगुवा कुनालराज गिरीका अनुसार यस्ता गतिविधि गृह मन्त्रालयको स्पष्ट निर्देशन विपरीत रहेका छन्।

ज्ञापनपत्रमा नेपाल सरकार, गृह मन्त्रालयले पटक-पटक अवैध असुली बन्द गर्न निर्देशन दिए पनि व्यवहारमा खुलेआम असुली भइरहेको गुनासो गरिएको छ। विशेषगरी त्रिभुवन राजपथ, लेन-वीरगञ्ज सडक खण्डलगायत क्षेत्रमा यस्ता गतिविधि कायमै रहेको जनाउँदै यसबाट यातायात व्यवसायी, व्यापारी, किसान, भारतीय सवारीसाधन तथा सर्वसाधारण नागरिक प्रत्यक्ष रूपमा प्रभावित भएको उल्लेख छ।

जेन-जी अगुवाहरूले अवैध असुलीले कानुनी शासन कमजोर बनाउँदै सामाजिक अशान्ति, विवाद र उद्यमशीलताको सुरक्षामा गम्भीर चुनौती पैदा गरिरहेको बताएका छन्।

ज्ञापनमार्फत उनीहरूले राजमार्गमा भइरहेका सबै प्रकारका अवैध असुली तत्काल रोक्न कडा निर्देशन जारी गर्न, संलग्न व्यक्ति वा समूहलाई कानुनअनुसार कारबाही गर्न, प्रहरी तथा सम्बन्धित निकायबीच समन्वय गरी नियमित निगरानी व्यवस्था मिलाउन र नागरिकलाई सुरक्षित रूपमा आवतजावत गर्ने वातावरण सुनिश्चित गर्न माग गरेका छन्।

ज्ञापन ग्रहण गर्दै प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रले विषय गम्भीर रहेको बताउँदै आवश्यक अध्ययन, समन्वय र पहलमार्फत उचित कदम चालिने आश्वासन दिएका छन्।

## वाग्लेको अभिव्यक्तिले सिमराका होटल व्यवसायीको अपमान भएको संघको आरोप

*साझेदारी संवाददाता*
*सिमरा, २४ पुस*

होटल तथा पर्यटन व्यवसायी संघ, बाराले सिमरास्थित इच्छा होटलका सञ्चालक इच्छा बहादुर वाग्लेद्वारा सार्वजनिक रूपमा व्यक्त गरिएको अभिव्यक्तिप्रति आपत्ति जनाउँदै कडा भर्त्सना गरेको छ। संघले वाग्लेको भनाइले सिमराका होटल व्यवसायीहरूको मान-मर्यादा र ऐतिहासिक गरिमामाथि आँच पुगेको जनाएको छ।

संघका अध्यक्ष शम्भु खड्गीले जारी गरेको प्रेस विज्ञप्तिमा वाग्लेले सिमराको विगतलाई अवमूल्यन गर्दै आफू आएपछि मात्र यहाँ आर्थिक विकास भएको भनी गरेको दाबीलाई भ्रामक र तथ्यहीन भनिएको छ। वाग्लेले सिमराका होटलहरूमा आफू आउनुअघि न्यूनतम सुविधा समेत नभएको तथा पहिलो पटक एसी सुविधा आफूले नै सुरु गरिदिएको जस्ता अभिव्यक्ति दिएकोप्रति संघले गम्भीर आपत्ति जनाएको छ। विशेष गरी लामा होटलसँग जोडेर गरिएको 'पहिलो एसी आफूले किनेको' दाबीलाई संघले कपोलकल्पित भनेको छ। लामा होटलका सञ्चालक सूर्य लामालाई उद्धृत गर्दै विज्ञप्तिमा वाग्ले कहिल्यै आफ्नो होटलमा नबसेको र उनको भनाइ असत्य रहेको उल्लेख गरिएको छ। आगामी चुनावी माहोललाई लक्षित गर्दै सिमराको दशकौंदेखिको संगठित व्यावसायिक साख बिगार्ने र अफवाह फैलाउने उद्देश्यले यस्ता गैरजिम्मेवार टिप्पणी आएको संघको ठहर छ। संघले यस्ता विवादित र तथ्यहीन अभिव्यक्ति नदिन चेतावनी दिँदै भविष्यमा पनि यस्ता दुष्प्रचार दोहोरिए कानुनी तथा संस्थागत कठोर कदम चालिने जनाएको छ।



जि.प्रशा.का. द.नं. १६७७ स.क.प. आबद्धता नं. ४४००५

होटल तथा पर्यटन व्यवसायी संघ, बारा
HOTEL & TOURISM ASSOCIATION OF BARA
कार्यालयः जीतपुरसिमरा उ.म.न.पा.-३ सिमरा, बारा,मधेश प्रदेश

पत्र संख्याः ०७६/०७७

मितिः २०८२/९/२४

**प्रेस विज्ञप्ति**

मिति २०८२ पौष २३ गते विभिन्न संचारमाध्यम मार्फत जीतपुरसिमरा उ.म.न.पा.-३ बजनी स्थित इच्छा होटलका सञ्चालक इच्छा बहादुर वाग्लेको अभिव्यक्ति प्रति यस होटल पर्यटन व्यवसायी संघ, बाराको गम्भीर ध्यानाकर्षण भएको छ । निज वाग्लेले आफू सिमरामा अउनु पूर्व यहाँको अवस्था अस्त-व्यस्त रहेको, आफू आएपछि मात्र यहाँको आर्थिक प्रगति भएको साथै सिमरामा कुनै पनि होटलको कोठाहरु व्यवस्थित नभएको (एसी नभएको) । सिमरा कै पुरानो विरासत बोकेको लामा होटललाई एउटा पहिलो एसी किन्न पैसा दिएर रुमभाडाबाट कट्टा गरेको जस्ता कपोलकल्पित, भ्रामक र व्यवसायीको मानमर्दन हुने अभिव्यक्तिको हामी घोर भर्त्सना गर्दछौं । उनको दावी सरासर झुटो र तथ्यहिन भएको तथा वहाँ आफ्नो होटलमा एकदिन पनि बास नबसेको कुरा लामा होटलका सञ्चालक सुर्य लामाले स्वयम् बताउनु भएको छ ।

आसन्न चुनावी गतिविधीलाई मध्यनजर गरी अफवाह र भ्रामक कुरा तथा ऐतिहासिक सिमराको बारेमा र दशकौं देखि संगठीत र एकबद्ध भएको होटल तथा पर्यटन व्यवसायी संघ, व्यावसयी सदस्यहरु र यहाँको आर्थिक, सामाजिक तथा व्यवसायिक विषयमा तथ्यहिन, विवादित टिका टिप्पणी नगर्नु हुन इच्छा बहादुर वाग्लेलाई अनुरोध गरिन्छ। आगामी दिनमा होटल पर्यटनको विषयमा तथ्यहिन, दुष्प्रचार हुने अभिव्यक्तिहरु दोहोरिएमा संघ कठोर कदम चाल्न बाध्य हुने कुरासमेत जानकारी गराईन्छ ।

अध्यक्ष
होटल तथा पर्यटन व्यवसायी संघ
बारा परिवार

*संघले जारी गरेको प्रेस विज्ञप्ति ।*

## यातायात कार्यालय बाराका ट्रायल प्रमुखमाथि मोबिल प्रहार

*साझेदारी संवाददाता*
*कलैया, २४ पुस*

यातायात व्यवस्था कार्यालय बारा अन्तर्गत कार्यरत ट्रायल प्रमुख जीवनरमण पौडेलमाथि मोबिल प्रहार भएको छ। बिहीबार कलैया उपमहानगरपालिका-३ गंगापुरस्थित कार्यालय परिसरमै उक्त घटना भएको हो।

प्रहरीका अनुसार आफुलाई 'जेनजी अगुवा' बताउने आनन्द गुप्ताले पौडेलमाथि मोबिल प्रहार गरेका हुन्। सामाजिक सञ्जालमा सार्वजनिक भएको भिडियोमा ती युवाले घटनाको जिम्मेवारी लिएको देखिन्छ। यद्यपि मोबिल प्रहार गर्नुको कारण भने अहिलेसम्म खुल्न सकेको छैन।

घटनापछि जिल्ला प्रहरी कार्यालय बाराले कार्यालय परिसरमा जडान गरिएको सिसिटिभी क्यामेराको फुटेजका आधारमा संलग्न व्यक्तिको पहिचान गर्दै घटनाबारे अनुसन्धान सुरु गरेको निमित्त सूचना अधिकारी तथा प्रहरी निरीक्षक सुरेशराज भट्टले जानकारी दिएका छन्।

यसअघि मंसिर १७ गते सोही कार्यालयमा कार्यरत खरिदार सत्यनारायण साहले कार्यालय प्रमुख अविन्दर दासमाथि कुटपिट गरेको घटना पनि सार्वजनिक भएको थियो। स्रोतका अनुसार ट्रायल प्रमुख पौडेलमाथि मोबिल प्रहार गर्ने आनन्द गुप्ता सोही कार्यालयका खरिदार साहको आफन्त नै छ।



फोटोः साझेदारी

*मोबिल प्रहारपछि ट्रायल प्रमुख पौडेल आफ्नै कार्यकक्षमा ।*

## चलानपछि मात्रै उखु मिलमा ल्याउन रिलायन्स सुगरको आग्रह

*साझेदारी संवाददाता*
*कलैया, २४ पुस*

बारामा सञ्चालित रिलायन्स सुगर एण्ड केमिकल इन्डस्ट्रिजले उखु आपूर्तिमा अव्यवस्था बढ्न थालेपछि किसानहरुलाई चलान प्राप्त भएपछि मात्रै उखु चिनी मिलमा ल्याउन आग्रह गरेको छ।

कलैया उपमहानगरपालिका-२४ श्रीपुरस्थित चिनी मिलमा बिहीबार आयोजित कार्यक्रममा मिलका जिएम गौरव सिलोडियाले पछिल्लो करिब २१ दिनदेखि मिल नियमित सञ्चालनमा रहेको जानकारी दिँदै हालसम्म करिब पाँच लाख क्विन्टल उखु क्रसिङ्ग भइसकेको बताए। उनका अनुसार मिलले दैनिक झण्डै ३० हजार क्विन्टल उखु पेलिरहेको छ।



*मिल्स उद्योगमा उखु क्रसिङ्ग गर्दै।* फोटोः साझेदारी

चलान नलिई ट्र्याक्टर तथा ट्रकमार्फत उखु मिल परिसरमा ल्याउँदा मिल तथा यातायात व्यवस्थापनमा समस्या उत्पन्न भइरहेको उल्लेख गर्दै जिएम

बाँकी तेस्रो पृष्ठमा

एक-आपसमा भेदभाव नगरौं,धार्मिक,साँस्कृतिक,सहिष्णुता कायम राखौं ।
फेटा गाउँपालिकाको कार्यालय,फेटा बाराद्वारा जनहितमा जारी सन्देश

## साझेदारी राष्ट्रिय दैनिकका लागि

प्रकाशक/सम्पादक : श्यामबाबु प्रसाद यादव -९८५५०४५०८०
समाचार सम्पादक : सन्तोष पाण्डे -९८५५०४५९९०
उप-सम्पादक : गणेशराज रिजाल-९८५५०२४९५५
उप-सम्पादक : वसन्त खतिवडा -९८४५०९२५२४
लेआउट डिजाइनर : जुनेद हवारी - ९८०७२४८०११
कानूनी सल्लाहकार : प्रमहंस प्र.केशरी, श्यामबिहारी कुशवाहा र नरेश चौधरी
मुद्रक : पौडेल अफसेट प्रेस, वीरगञ्ज
प्रधान कार्यालय : कलैया-१, राजदेवी टोल, बारा
सम्पर्क फोन : ०५३-५५१०४७, मो.नं.९८०९१९१३००

Email : sajhedari.daily@gmail/com, shyam.bara@gmail/com
facebooak : साझेदारी राष्ट्रिय दैनिक, साझेदारी दैनिक
twitter : @sajhedaridaily, YouTube : sajhedari daily
online : www.sajhedaridaily.com


## सम्पादकीय.....

# निर्वाचनको तयारी तीव्र

नेपाल सरकारले आगामी फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचन तय गरेको छ। फागुन २१ गते हुने निर्वाचनको तयारी तीव्र पारिएको छ। निर्वाचन आयोगले प्रतिनिधि सभा निर्वाचनकोलागि मतदान केन्द्र निर्धारण गरेको छ। यसै क्रममा बारामा समेत निर्वाचन केन्द्र निर्धारण गरिएको छ। निर्वाचनकोलागि प्रारम्भिक स्तरमा आयोगको तयारी लगभग भइसकेको छ। निर्वाचन समापन नभएसम्म निर्वाचन आयोग सक्रिय रहनेछ। लोकतन्त्रको मूलमन्त्र भनेकै जनताको अभिमत हो। विना जनताको अभिमत कोही सत्तामा आउन सक्दैन। अभिमत तय गर्ने माध्यम भनेकै निर्वाचन हो। नेपालमा संविधानको आधारमा सत्ता सञ्चालनमा आउँछ। संविधानले व्यवस्था गरे अनुसार नै शासनमा आउन निर्वाचनमा जित्न आवश्यक छ। नेपालको निर्वाचन प्रणालीमा जुन उम्मेदवारले सबैभन्दा बढी मत हासिल गर्छन, उनै उम्मेदवार विजयी बन्छन्। संविधानले राजनीतिमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरेको छ। प्रत्यक्ष निर्वाचनमा महिला उम्मेदवार कम संख्यामा निर्वाचित हुने गर्छन्। जस्को कारण ३३ प्रतिशत पुऱ्याउन समानुपातिक मतबाट दलहरुले महिलालाई प्राथमिकताको क्रममा निर्वाचित गर्ने गर्छन्।

फागुन २१को निर्वाचनलाई दृष्टिगत गर्दै बारा जिल्लामा मतदान केन्द्रको संख्या बढाइएको छ। जिल्ला निर्वाचन कार्यालयले ३२ वटा नयाँ केन्द्र थप गरेको छ। यससँगै जिल्लाभर ५८७ मतदान केन्द्र कायम भएको छ। जिल्लामा ३०५ वटा मतदानस्थल निर्धारण गरिएका छन्। मतदाताको चाप र सहज मतदान सुनिश्चित गर्न यसअघि रहेका ५५५ केन्द्रमा थप गरी संख्या विस्तार गरिएको हो। चार निर्वाचन क्षेत्रमध्ये क्षेत्र नं १ मा ८६ मतदानस्थल र १६१ मतदान केन्द्र रहेकाछन्। यस क्षेत्रमा १ लाख २३ हजार ९८५ मतदाता सूचीकृत छन्। क्षेत्र नं २ मा ८२ मतदानस्थल र १४५ मतदान केन्द्रबाट १ लाख १३ हजार ८३९ मतदाताले मतदान गर्नेछन्। निर्वाचन क्षेत्र नं ३ मा ७६ मतदानस्थल र १४४ मतदान केन्द्र तोकिएका छन्। जहाँ १ लाख १३ हजार ५२१ मतदाता छन्। निर्वाचन क्षेत्र नं ४ मा ६१ मतदानस्थल र १३७ मतदान केन्द्र कायम गरिएको छ, जसमा १ लाख १४ हजार ४३९ मतदाता रहेका छन्।

बारामा कुल ४ लाख ६५ हजार ७८४ मतदाताले प्रतिनिधिसभा सदस्य निर्वाचनमा आफ्नो मताधिकार प्रयोग गर्नेछन्। यसै सन्दर्भमा प्रमुख दलहरुले आन्तरिक रुपमा निर्वाचनको तयारी गरिरहेका छन्। उनीहरुले जिल्लाबाट धमाधम उम्मेदवारको नाम सिफारिश गरिरहेका छन्। भित्रभित्रै निर्वाचनको तयारीमा दलहरु जुटेकाहुन्। कतिपय दलहरुको तयारी उम्मेदवारीको चर्चासंगै चुलिएको छ। निर्वाचनको चर्चा परिचर्चा जनतामाझ चलिरहेको छ। जाडोको मौसममा यो चर्चाले चोक चौराहामा उत्सुकता बढाइरहेको छ। निर्वाचन शान्तिपूर्ण, भयरहित, निष्पक्ष तथा धाँधलीरहित हुनुपर्छ। यस्कोलागि निर्वाचन आयोग तयार रहेको छ। सुरक्षित माहौलमा निर्वाचन सम्पन्न गर्न सुरक्षाकर्मीहरु तयार रहेको अवस्था रहेको छ। आयोगले मतदान केन्द्र तोकेर निर्वाचनको तयारी गरेको हो। यस्तै दलहरु समेत आन्तरिक तयारीमा जुटेर आफ्नो सक्रियता देखाएको छ। यसले निर्वाचनको तयारी तीव्र भएको देखाएको छ।

# जेनजी आन्दोलनका सहिदः
# माल्टा जाने तयारीमा हुनुहुन्थ्यो योगबहादुर

रुपक पुरी

*चौतारा, २४ पुस*

सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका-६ का २२ वर्षीय योगबहादुर श्रेष्ठ गाउँमै उच्च माध्यमिक तहको अध्ययन सकेर तीन वर्षअघि आत्मनिर्भर बन्ने सिलसिलामा काठमाडौं जानुभएको थियो । स्नातक तहमा अध्ययनरत श्रेष्ठ पछिल्लो समय माल्टा जाने तयारी गर्दै हुनुहुन्थ्यो ।

योगबहादुरका दाजु रामकृष्ण श्रेष्ठ अभिभावकका रुपमा प्रत्येक दिनजसो भाइलाई फोन गरिरहनुहुन्थ्यो । दाजुभाइबीच पारिवारिक समृद्धिका विषयमा भलाकुसारी हुन्थे । गत भदौ २३ गते काठमाडौंमा जेनजी पुस्ताको आयोजनामा सरकारलाई खबरदारी गरिएको थियो । सो क्रममा प्रहरी र विद्यार्थी झडप भयो । त्यसक्रममा प्रहरीले चलाएको गोली लागेर ठूलो सङ्ख्यामा आन्दोलनकारी युवा विद्यार्थीको निधन भयो । सोही घटनाका विषयलाई लिएर भोलिपल्ट काठमाडौंसहित देशभर विरोध प्रदर्शन भयो ।

योगबहादुर त्यसदिनको विरोध प्रदर्शनमा सामेल हुनुभयो । गौशालाचोक नजिक गोली लागेर योगबहादुरको निधन भइसकेको रहेछ । भदौ २४ गते दिउँसो २ बजेतिर रामकृष्णले काठमाडौंको हालखबर बुझ्न भाइ योगबहादुरलाई फोन गर्नुभयो । फोन उठे पनि तर त्यो आवाज भाइको थिएन । "भाइ आन्दोलनस्थलमै गोली लागेर ढलिसकेका रहेछन्, अर्को एक जनाले फोन उठाएर तपाईंको मान्छेलाई एम्बुलेन्समा लगेको छ भनेपछि हामी अत्तालियौं, उनलाई रातभर काठमाडौंका अस्पतालमा खोज्यौं, पछि बुझ्दै जाँदा त्रिवि शिक्षण अस्पतालमा भाइको शव फेला पर्यो," गहभरि आँशु पार्दै रामकृष्णले भन्नुभयो ।

योगबहादुरलाई आन्दोलनका क्रममा कोखामा गोली लागेको रहेछ । "भ्रष्टाचारमुक्त देश माग्दा भाइले गोली खाएर ज्यान गुमाउनुपर्‍यो, जसले सिङ्गो परिवार मर्माहत त भएको छ, त्यससँगै बलिदानी खेर जाला भन्ने चिन्ताले पिरोलेको छ," दाजु रामकृष्णले भन्नुभयो । योगबहादुर जेन जी आन्दोलनमा सहभागी भएका बारेमा परिवारजनलाई थाहै थिएन । परिवारजनलाई भाइ



कोठामै बसेको होला भन्ने लागेको थियो । "उ आन्दोलनमा गएको हामीलाईपछि मात्रै थाहा भयो, यस्तो घटना घट्ला भन्ने कल्पना पनि थिएन," रामकृष्णले भन्नुभयो । गाउँमै हुँदा पनि योगबहादुर दुःखी गरिबको सेवामा तल्लिन हुनुहुन्थ्यो । विपन्न र उपचार नपाएर नागरिकको मृत्यु भएका घटनाले उहाँलाई घोचिरहने गर्थ्यो । योगबहादुर पुतलीसडकमा फूपुको घरमा बस्नुहुन्थ्यो । योगबहादुरको निधनको खबर सुनेपछि कामका सिलसिलामा बाह्रबिसे बजार झर्नुभएका दाजु रामकृष्ण सबै काम छाडेर हत्तपत्त घर फर्किनुभयो । काठमाडौंमा भएका आफन्तलाई फोन गरेर भाइका बारेमा बुझ्न आग्रह गर्नुभयो । तर, भाइको बारेमा केही जानकारी पत्ता लागेन । त्यो दिन सम्झदै दाजु रामकृष्ण भन्नुहुन्छ, "त्यो दिन भाइको अवस्था पत्ता लगाउनै सकिएन ।"

भाइको मोबाइल, कलेजको परिचयपत्र केही नहुँदा अस्पतालले समेत पहिचान गरेर जानकारी दिन सकेनन् । रातिसम्मै आफन्त र साथीसँग सोधपुछ चलिरह्यो । कतै समाचार वा सामाजिक सञ्जालमा गोली लागेर मृत्यु भएको भन्ने सुन्दा पनि उहाँको परिवार आत्तिन्थ्यो । रातभर जागै बसे पनि परिवारले योगबहादुरको खबर पाएन । भदौ २५ गते बिहानै बुबा तिलकबहादुर र आमा देवीमायासहित परिवारजन काठमाडौं पुग्नुभयो ।

"त्यहाँ गएर खोजबिन गर्दा धेरै घाइतेलाई सिभिल अस्पतालमा राखिएको थाहा पाएँ । त्यहाँ गएँ तर योगबहादुर भेटिएनन् । अस्पताल-अस्पताल चहार्दै गएँ । घाइते र शव दुवै हेर्न थाले । जब शिक्षण अस्पतालको शवघर पुगें, त्यहाँ योगबहादुरको शव भेटियो", दाजु रामकृष्णले भन्नुभयो ।

घरका कान्छो छोरा योगबहादुरको सानैदेखि आमाबुबालाई खुसी र सुखी राख्ने सपना थियो । रामकृष्णका अनुसार योगबहादुर कुनै राजनीतिक दलमा आबद्ध हुनुहुन्थेन । जेनजी आन्दोलनमा जानेबारे घरपरिवार कसैलाई जानकारी पनि थिएन । भदौ २३ गते काममा व्यस्त भएकाले रामकृष्णले दिउँसो मात्र फोन भाइलाई फोन गर्नुभएको थियो । उहाँलाई योगबहादुर कोठामै छ होला भन्ने लाग्थ्यो । "तर अब उ त गइसक्यो । भाइको बलिदान खेर नजाओस् भन्ने परिवारको चाहना छ", दाजु रामकृष्णले भन्नुभयो ।

सहिद परिवार व्यक्तिगत भन्दा पनि सामूहिक रूपमै अगाडि बढ्नुपर्ने रामकृष्णको धारणा छ । जेनजी आन्दोलनले चाहेजस्तो परिवर्तन हुनुपर्ने उहाँ बताउनुहुन्छ । "यति ठूलो बलिदान, पुरानै नेता र दललाई प्राथामिकता दिन भएको होइन, निर्वाचनबाट नयाँ शक्ति आउनैपर्छ", उहाँले भन्नुभयो ।

जेनजी आन्दोलनको बलमा गठित सरकारले आगामी फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचन घोषणा गरेको छ । निर्धारित मितिमै निर्वाचन सम्पन्न गराउन सरकारले राजनीतिक दल, जेनजी पुस्तासँग निरन्तर छलफल र संवादलाई अघि बढाइरहेको छ । जेनजी आन्दोलनमा ज्यान गुमाएकामध्ये ४५ जनालाई सरकारले जेनजी सुशासन योद्धा घोषणा गरेको छ । जेनजी सहिद परिवारलाई सरकारले राहतस्वरुप रु १५ लाख आर्थिक सहयोग गसिकेको छ । सहिद परिवारलाई रोजगारी र जीविकोपार्जनका लागि मासिक भत्ता दिने योजना अघि बढाएको छ । रासस

# सडक नभएको छेकम्पारमा गुड्छन् स्कुटर र ट्र्याक्टर

प्रतीक्षा आले

*गोरखा, २४ पुस*

केही दिनका लागि चीन सरकारले छेकम्पारमा पर्ने मुलाढाज्यान नाका खुल्ला गऱ्यो । एक वर्षदेखि बन्द रहेको नाका खुल्ला हुनासाथ छेकम्पारका बासिन्दा सरसामान किन्न तिब्बती बजार स्याक पुगे । त्यही टोलीमा हुनुहुन्थ्यो छेकम गाउँका दोर्जे लामा ।

त्यहाँ उहाँले तिब्बती गाउँबस्तीका बासिन्दाको दिनचर्या नियाल्नुभयो । सबैजना यातायातका साधन प्रयोग गरेको देखेर उहाँ प्रभावित हुनुहुभयो । 'तिब्बत जाँदा त्यहाँ मान्छेहरु घाँस काट्न जान परे पनि, गोठमा जाँदा पनि, बाहिर फेर जताततै हिँड्दा पनि बाइक वा स्कुटर चलाएर हिँडेको देखेँ । उताको जमिन र हाम्रो छेकम्पारको जमिन उस्तै त हो, डाँडाकाँडा, भिर पखेरा । यता पनि कसो नचल्ला त भनेर विचार गरेँ', दोर्जे भन्नुहुन्छ, 'पसलमा गएर भाउ सोधेको एक लाखमा बिजुलीबाट चार्ज गर्न मिल्ने स्कुटर आउँदो रहेछ । अनि जसो होला होला, विचार गर्नुपऱ्यो भनेर एउटा किनेर ल्याएको हुँ ।"

स्याकसम्म सडक भए पनि



छेकम्पारसम्म स्कुटर ल्याउन सडक थिएन । न त उहाँलाई स्कुटर चलाउने सीप नै थियो । मान्छे, खच्चड, याक, चौंरी मात्र जसोतसो हिँड्न मिल्ने बाटोमा स्कुटर ल्याउन पनि उहाँले धेरै नै मेहनत गर्नुपऱ्यो । 'उता (तिब्बत)बाट आउँदा उकालोमा हामी चार-पाँच जनाले बोक्यौं, सजिलो बाटोमा कतै डोहोऱ्याउँदै, कतै एकजना चढ्ने, अरुले समात्ने गर्दै ल्याइपुऱ्यायौं', उहाँले भन्नुभयो, 'ल्याउँदा ल्याउँदै बाटोमै स्कुटर चलाउन जान्ने भइयो ।'

हिमालपारि छेकम्पारमा यसरी स्कुटर चलाउने लामा पहिलो व्यक्ति हुनुभएको छ । अचेल उहाँ स्कुटर हाकेर गाउँघर डुल्ने गर्नुहुन्छ । सडक सञ्जालले नछोएको र अझै दशौं वर्ष सडक पुग्ने कल्पना नगरिएको चुमनुब्री-७ छेकम्पारको साँघुरो गल्लीमा दोर्जे चीनबाट ल्याएको स्कुटर हाँकेर हिँड्ने गर्नुहुन्छ ।

घोडा चढेर गाउँघर, वनजङ्गल आवतजावत गर्ने छेकम्पारबासीकाबीच दोर्जे विद्युतीय स्कुटरमा सवार भएको देख्दा स्थानीवासी पनि प्रभावित छन् । 'अहिले त मेरो मात्रै छ । सबैजनाले हामी पनि चढ्छौं नि भनेर मागेर हैरान पार्छन् । चलाउन जान्दैनन् । बिगार्दिन्छन् झैं लाग्छ', दोर्जे भन्नुहुन्छ "अब आउँदो साल त अरुले पनि स्कुटर किन्ने भनेका छन् । अब गाउँमा सिँडी नबनाउने बरु स्कुटर चढ्ने सडक बनाउने निर्णय भइसक्यो।"

छेकम्पारकै लामा गाउँका पासाङ फुन्जो लामाले भने विगत एक दशकअघि गाउँमा ट्र्याक्टर भित्र्याउनु भएको थियो । लामा चुमनुब्री-७ का निवर्तमान वडाअध्यक्ष पनि हुनुहुन्छ । सडकले नछोएको छेकम्पारमा लामाले भूकम्पपछि २०७२ सालमा रु १८ लाख

बाँकी तेस्रो पृष्ठमा

फरक–फरक धर्म संस्कृति हाम्रो समस्या होइन, सम्पत्ति हो ।
सुवर्ण गाउँपालिकाको कार्यालय, कवहीगोठ बाराद्वारा जनहितमा जारी सन्देश

साझेदारी राष्ट्रिय दैनिक
SAJHEDARI NATIONAL DAILY
Friday 09, Jan. 2026

# गृहमन्त्रीसंग विश्व हिन्दू महासंघका प्रतिनिधिको भेट

***काठमाडौं, २४ पुस***

गृहमन्त्री ओमप्रकाश अर्यालसँग विश्व हिन्दू महासङ्घका अध्यक्ष अस्मिता भण्डारीलगायत संस्थाका प्रतिनिधिले भेट गर्नुभएको छ ।

सिंहदरबारस्थित मन्त्रालयमा आज भेट गर्दै उहाँहरुले धार्मिक क्षेत्रको शान्ति सुरक्षाको विषयको सम्बन्धमा ध्यानाकर्षण गराउनुभयो ।

मन्त्रालयमा भएको भेटमा गृहमन्त्री अर्यालले बहुसांस्कृतिक र बहुजातिय देशमा धार्मिक अशान्ति फैलिने किसिमका कुनै पनि गतिविधि गर्न नहुने र कसैले गरेमा त्यसलाई कानुन बमोजिम कारबाहीको दायरामा ल्याइने बताउनुभएको मन्त्री अर्यालको सचिवालयले जनाएको छ ।

भेटका क्रममा मन्त्री अर्यालले देशमा शान्ति तथा अमनचयन कायम गर्न र एक अर्काको धार्मिक आस्था तथा विश्वासलाई स्वीकार र सम्मान गर्दै समाजमा धार्मिक सहिष्णुता, सामाजिक सद्भाव र अमनचैन कायम राख्न धार्मिक सङ्घ संस्थाको महत्वपूर्ण भूमिका रहने बताउनुभयो ।

छलफलका क्रममा उहाँले सामाजिक सञ्जालमार्फत फैलाइने धार्मिक असहिष्णुता र भ्रामक खबर तथा सूचनाको नागरिकस्तरबाटै प्रतिवाद गर्न र भ्रामक खबर विरुद्ध सामाजिकस्तरमा नै सचेतना फैलाएर समाजमा सामाजिक तथा धार्मिक सहिष्णुता कायम राख्न अनुरोध गर्नुभएको छ । रासस

## नेरामावि.....

प्रगतिको विवरण प्रस्तुत गर्दै स्थापना कालदेखि निरन्तर समर्पित शिक्षक-शिक्षिकाको योगदानकै कारण अभिभावकको विश्वास मजबुत हुँदै गएको बताउनुभयो। उहाँले विद्यार्थी संख्या बढ्दै जाँदा कक्षा कोठाको अभाव, भौतिक संरचना विस्तार र आधुनिक प्रविधि भित्र्याउनु मुख्य चुनौतीका रूपमा रहेको उल्लेख गर्नुभयो। सूर्य नेपाल प्रालिको १५ लाख रुपैयाँ सहयोगमा स्मार्ट बोर्डसहितको प्राविधिक ल्याब निर्माण गरिएको जानकारी दिँदै कक्षा ११ र १२ मा अध्ययनरत विज्ञान संकायका विद्यार्थीलाई पूर्ण छात्रवृत्ति प्रदान हुँदै आएको पनि उहाँले बताउनुभयो। आगामी दिनमा पार्किङ व्यवस्थापन, थप कक्षा कोठा निर्माण तथा कक्षा ११ र १२ का लागि छुट्टै कक्षा सञ्चालन गर्ने योजना रहेको उहाँको भनाइ थियो।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथि श्रेष्ठले ६८ वर्षको शैक्षिक यात्रामा विद्यालयले क्षेत्रीय शिक्षामा उल्लेखनीय योगदान पुऱ्याएको बताउनुभयो। शिक्षा नै राष्ट्र विकासको आधार भएकाले गुणस्तरीय शिक्षासँगै भौतिक पूर्वाधार सुदृढीकरण अपरिहार्य रहेको उहाँले जोड दिनुभयो। सूर्य नेपाल प्रालिले प्रशासनिक भवन, कम्प्युटर ल्याब तथा स्मार्ट बोर्ड जस्ता पूर्वाधारमा सहयोग गर्दै आएको र आगामी दिनमा पनि विद्यालयलाई नमूना शैक्षिक संस्थाका रूपमा विकास गर्न निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

कार्यक्रमका अवसरमा विद्यालयको स्मारिका विमोचन गरिएको थियो भने प्रमुख अतिथि श्रेष्ठलाई मायाको चिनो प्रदान गरिएको थियो। उद्घाटन समारोहमा जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. २ का वडाध्यक्ष धनबहादुर श्रेष्ठ, वडा नं. १६ का वडाध्यक्ष हरिदेव खरेल, शिक्षा शाखा प्रमुख शिवजी प्रसाद, शिक्षक-शिक्षिका, विद्यार्थी तथा अभिभावकहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

कार्यक्रममा विद्यार्थी तथा शिक्षकहरूले विविध सांस्कृतिक प्रस्तुति र गीत-संगीत प्रस्तुत गरेका थिए। कार्यक्रमको सञ्चालन शिक्षिका सिता अधिकारीले गर्नुभएको थियो। दुई दिनसम्म सञ्चालन हुने ६८औँ वार्षिकोत्सव कार्यक्रम शुक्रबार समापन हुने आयोजकले जनाएको छ।

## एक.......

अंसारीको संयोजकत्वमा र क्लवको अध्यक्ष लायन सुर्यजित सिंहको अध्यक्षतामा भएको उक्त कार्यक्रममा लायन्स क्लव अफ कलैया,बाराको संस्थापक अध्यक्ष लायन दिलिप चौधरी, माच्छापुछ्रे बैंक कलैया शाखा प्रमुख भानुभक्त अधिकारी विद्यालय व्यवस्थापन समितिको अध्यक्ष निजामोदिन अंसारी, विद्यालयका प्र.अ. नागेन्द्र ठाकुर, शिक्षकहरू दिपककुमार सिंह, ओमप्रकाश साह, जयप्रकाश यादव, विभा मिश्रा क्लवका सचिव लायन मुकेश कुमार गुप्ता, कोषाध्यक्ष लायन अजय कुमार सर्राफ, सदस्यहरु लायन भोला सर्राफ, लायन श्याम खेतान,लायन लोकेन्द्र जयसवाल,लायन नवीन अग्रवाल लगायतको उपस्थिति रहेको क्लवका सचिव लायन मुकेशकुमार गुप्ताले जानकारी दिए।

## दुई.....

जानकारी दिए। विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय प्रसौनी र लागू औषध नियन्त्रण व्युरो शाखा कार्यालय पर्साबाट संयुक्त रुपमा खटिएको प्रहरी टोलीले अफिम सहित उनीहरुलाई पक्राउ गरेको हो। बारा जिल्लाको प्रसौनी गाँउपालिका वडा नं. ०१ नकटुवा स्थित पतञ्जलीबाट नकटुवा तर्फ जादै गरेको बिआर ०१ सिएल ६०७९ नम्बरको कारलाई रोकी जाँच गरिएको हो। कारको पछाडीको सिट माथी कालो प्लष्टिकमा लागू औषध अफिम २ किलो २४ ग्राम (२ दुई पोका) ओसारपसार गर्दै गरेको अवस्थामा उनीहरुलाई पक्राउ गरिएको हो।

## सडक.....

पर्ने ट्र्याक्टर रु ३४ लाख भाडा तिरेर हेलिकाप्टरमार्फत गाउँमा ल्याउनुभएको थियो । ट्र्याक्टरका लागि आवश्यक पर्ने इन्धन भने उहाँले आरुघाटको आर्खेतबाट खच्चडमार्फत ल्याउने गर्नुहुन्छ ।

पासाङको ट्र्याक्टरमा निर्माण सामग्री ढुवानी गरी लामा गाउँमा गुम्बा र विद्यालय निर्माण भएका छन् । ट्र्याक्टर भने स्थानीय साम्डु लामाले चलाउने गरेका छन् । ट्र्याक्टर छेकम्पारको उकालोओरालोमा सजिलै आवतजावत गर्ने गरेको पासाङको भनाइ छ । उहाँ भन्नुहुन्छ, "यसबाट खासै आम्दानी त हुँदैन तर यहाँ पूर्वाधार निर्माणका काममा निकै सजिलो भएको छ ।" छेकम्पारसम्म सडक आउला र नजिकका गाउँबस्तीमा पनि सजिलै ट्र्याक्टरमा सामान ढुवानी गर्न पाउँला भन्ने अपेक्षा पासाङफुन्जोलगायत सम्पूर्ण छेकम्पारवासीको छ । रासस


## कम्पनीको नाम परिवर्तन भएको सूचना

**तेश्रो पटक प्रकाशित मिति : २०८२/०९/२४ गते**

यस कम्पनीको मिति २०८२/०६/३० गतेको विशेष साधारणसभाको निर्णयद्वारा पारित प्रस्ताब बमोजिम साविक नाम भाईब्रेन्ट इन्टरप्राइजेज (प्रा.लि प्रा.मि.२१४३३५) कम्पनीको सम्पूर्ण धन अचल सम्पति ऋण दायित्व सहित परिवर्तित नाम भाईब्रेन्ट सोलुसन्स प्रा.लि (प्रा.लि २१४२३५) हाल कम्पनीले व्यहोर्ने र सकार्ने गरी नाम परिवर्तन गर्न मन्जुर भई यस कम्पनीसंग सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ र कम्पनीको कुनै किसिमको दाबी विरोध भएमा यसै सूचनालाई आधार मानी सम्बन्धित निकायमा जानकारीको लागि अनुरोध छ ।

**भाईब्रेन्ट सोलुसन्स प्रा.लि.**
प्रा.लि.नं.२१४३३५)
काठमाण्डौ महानगरपालिका-७ काठमाण्डौ


# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकाको जलवायु सन्धि बहिर्गमन खेदजनक: इयु

***पेरिस, २४ पुस***

युरोपेली सङ्घ (इयु) युनियनका जलवायु प्रमुखले अमेरिकाले संयुक्त राष्ट्रसङ्घीय जलवायु सन्धिबाट बाहिरिने घोषणा गरे पनि युरोपले विश्व तापक्रम वृद्धिसँग जुध्न अन्य राष्ट्रहरूसँग सहकार्य निरन्तर जारी राख्ने स्पष्ट गर्नुभएको छ ।

इयुका जलवायु आयुक्त वोप्के होक्स्ट्राले बिहीबार प्रतिक्रिया दिँदै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय फ्रेमवर्क कन्भेन्सन (युएनएफसिसिसी) सहित दर्जनौं अन्तर्राष्ट्रिय सङ्गठन र सन्धिहरूबाट अमेरिका बाहिरिने निर्णय सार्वजनिक गरेपछि पनि युरोपको प्रतिबद्धता कमजोर नहुने बताउनुभयो ।

सन् १९९२ मा पारित युएनएफसिसिसी सन्धि हरितगृह ग्यास उत्सर्जन घटाउने, विश्व तापक्रम नियन्त्रण गर्ने तथा जलवायु परिवर्तनका प्रभावसँग अनुकूलन गर्न राष्ट्रहरूलाई सहकार्यका लागि एक साझा आधार उपलब्ध गराउने उद्देश्यले गरिएको विश्वव्यापी सम्झौता हो ।

आयुक्त होक्स्ट्राले युएनएफसिसिसीले 'विश्वव्यापी जलवायु कार्यलाई समर्थन गर्ने आधारशिला' को भूमिका खेलेको उल्लेख गर्दै यसबाट अमेरिका पछि हट्नु अत्यन्तै दुःखद र दुर्भाग्यपूर्ण भएको टिप्पणी गर्नुभयो ।

"विश्वको सबैभन्दा ठूलो अर्थतन्त्र र दोस्रो ठूलो हरितगृह ग्यास उत्सर्जनकर्ता राष्ट्रले यस्तो आधारभूत सन्धिबाट पछि हट्ने निर्णय खेदजनक र दुर्भाग्यपूर्ण छ", होक्स्ट्राले सामाजिक सञ्जाल लिङ्कडइनमा लेख्नुभएको छ, "हाम्रो साझा समझदारी र कामको आधारका रूपमा इयु अन्तर्राष्ट्रिय जलवायु अनुसन्धानलाई स्पष्ट रूपमा समर्थन गर्न निरन्तर रहनेछ । साथै, अन्तर्राष्ट्रिय जलवायु सहकार्यमा पनि हामी सक्रिय रूपमा काम गरिरहनेछौं।"

आफ्नो घरेलु नीतिमा जीवाश्म इन्धनलाई प्राथमिकता दिँदै आएका राष्ट्रपति ट्रम्पले मानव गतिविधिका कारण पृथ्वी तातिरहेको छ भन्ने वैज्ञानिक सहमतिलाई खुलेर अस्वीकार गर्दै जलवायु विज्ञानलाई 'झुटो' भन्दै आलोचना गर्दै आउनुभएको छ ।

उहाँको प्रशासनले नोभेम्बरमा ब्राजिलमा सम्पन्न पछिल्लो संयुक्त राष्ट्र जलवायु शिखर सम्मेलनमा कुनै पनि आधिकारिक प्रतिनिधि पठाएको थिएन । उक्त सम्मेलन प्रत्येक वर्ष युएनएफसिसिसीको छातामुनि आयोजना हुँदै आएको छ।

यसैबीच, स्वच्छ ऊर्जा रूपान्तरणका लागि इयुकी उपाध्यक्ष टेरेसा रिबेराले ट्रम्प प्रशासनले वातावरण, जनस्वास्थ्य वा आम मानिसको पीडाप्रति 'कुनै चासो नदेखाएको' आरोप लगाउनुभयो ।

"शान्ति, न्याय, सहयोग वा समृद्धि यी प्रशासनका प्राथमिकतामै छैनन्", उहाँले सामाजिक सञ्जाल ब्लुज्कीमा लेख्नुभएको छ ।

राष्ट्रपति ट्रम्प सत्तामा फर्किएपछि ऐतिहासिक पेरिस जलवायु सम्झौताबाट पनि अमेरिका बाहिरिसकेको छ । उहाँले सन् २०१७ देखि २०२१ सम्मको आफ्नो पहिलो कार्यकालमा गरेको निर्णयलाई पछि उहाँका उत्तराधिकारी, डेमोक्रेटिक राष्ट्रपति जो बाइडेनले उल्टाउनुभएको थियो ।

युएनएफसिसिसीजस्तो आधारभूत सन्धिबाट बाहिरिने अमेरिकी कदमले भविष्यमा कुनै पनि प्रशासनले पुनः सामेल हुन खोज्दा थप कानूनी जटिलता र अनिश्चितता सिर्जना गर्न सक्ने विज्ञहरूले चेतावनी दिएका छन् । रासस

## "साल्ट लेक सिटी" मा गोली चल्दा दुई जनाको मृत्यु, अन्य घाइते

***वासिङ्टन, २४ पुस***

उटाहको साल्ट लेक सिटीमा बिहीबार भएको गोली हानाहानमा दुई जनाको मृत्यु हुनुकासाथै अन्य घाइते भएको अमेरिकी प्रहरीले जनाएको छ ।

प्रहरी प्रवक्ता ग्लेन मिल्सले प्रारम्भिक रिपोर्टले पार्किङ स्थलमा घटना भएको सङ्केत गरेको बताउदै त्यहाँ झगडाको समयमा गोली चलाइएको पत्रकारहरूलाई बताउनु भएको छ ।

प्रहरीले आठ जना पीडितहरू मध्ये कम्तिमा दुई जनाको चोटपटकबाट मृत्यु भएको उल्लेख गर्दै घाइते मध्ये तीन जनाको अवस्था गम्भीर रहेको र बाँकीको अवस्था अज्ञात रहेको बताएको छ । प्रहरीले संदिग्धहरूको खोजिको लागि अनुसन्धान सुरु गरेको बताएको छ । पछिल्लो समयमा गोली हानाहानको हिंसा अमेरिकामा सबैभन्दा दबाबपूर्ण सुरक्षा र सामाजिक सङ्कट बनेको जनाइएको छ भने बारम्बार सामूहिक गोलीबारीका कारण उल्लेख्य मानवीय, आर्थिक तथा मनोवैज्ञानिक सङ्कट निम्त्याएको जनाइएको छ । रासस

## पेट्रो-ट्रम्प टकरावले कोलम्बिया कूटनीतिक दोधारमा

***बोगोटा, २४ पुस***

भेनेजुएलामा ट्रम्प प्रशासनले गरेको सैन्य हस्तक्षेपलाई लिएर कोलम्बियाका वामपन्थी राष्ट्रपति गुस्ताभो पेट्रोले गरेको कडा आलोचनाले वासिङ्टन र बोगोटाबीचको सम्बन्धलाई अभूतपूर्व तनावमा पुऱ्याएको छ ।

यस हस्तक्षेपलाई पेट्रोले ल्याटिन अमेरिकी सार्वभौमसत्तामाथिको 'घृणित उल्लङ्घन' भन्दै सन् १९३७ मा नाजी जर्मनीले स्पेनको गुएर्निकामा गरेको कार्पेट बमबारीसँग तुलना गर्नुभएको छ ।

अमेरिकाको ऐतिहासिक रूपमा निकट सहयोगी रहँदै आएको कोलम्बियाबाट यस्तो तीव्र प्रतिक्रिया आउनु असामान्य मानिएको छ । विगत तीन दशकदेखि लागुऔषध तस्करी नियन्त्रण, विद्रोही समूहविरुद्धको कारबाही र ग्रामीण विकासका क्षेत्रमा संयुक्त राज्य अमेरिका र कोलम्बियाबीच गहिरो सहकार्य हुँदै आएको छ । यही सहकार्यअन्तर्गत वासिङ्टनले कोलम्बियालाई अर्बौं डलरको सहायता प्रदान गरेको छ ।

तर राष्ट्रपति पेट्रोले भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरोको अमेरिकी नियन्त्रणलाई खुलेर विरोध गरेपछि उहाँ र राष्ट्रपति डोनाल्ड ट्रम्पबीच शब्दयुद्ध चर्कियो । ट्रम्पले कोलम्बियामा अमेरिकी सैन्य कारबाही 'उचित हुन सक्ने' टिप्पणी गरेपछि पेट्रोले राष्ट्रिय सार्वभौमिकताको रक्षा गर्न जनतालाई सडकमा उतार्न आह्वान गर्नुभयो ।

त्यसको प्रत्युत्तरमा हजारौं कोलम्बियालीहरू सार्वजनिक चोकहरूमा भेला भई 'स्वतन्त्र र सार्वभौम कोलम्बिया अमर रहोस्' भन्ने नारा लगाए ।

तर सबैलाई चकित पार्दै विरोध प्रदर्शनकै दिन राष्ट्रपति पेट्रोले आफ्नो अघिल्लो कडा अभिव्यक्ति नरम पार्दै राष्ट्रपति ट्रम्पसँग भएको मैत्रीपूर्ण टेलिफोन वार्ताको जानकारी दिनुभयो । उहाँले दुवै सरकारबीच प्रत्यक्ष संवाद पुनःस्थापित गर्न आग्रह गरेको र संवाद नहुँदा द्वन्द्वको खतरा बढ्ने चेतावनी दिनुभएको बताउनुभयो । रासस

## चलानपछि.....

सिलोडियाले किसानहरुलाई धैर्य अपनाई अनलाइन टोकन प्रणालीमार्फत मात्र चलान लिई उखु पठाउन आग्रह गरे।

उनका अनुसार चिनी मिल आगामी करिब चार महिनासम्म सञ्चालनमा रहनेछ र कुनै पनि किसानको उखु खेतमै नछुट्ने व्यवस्था मिलाइएको छ।

उखु प्रबन्धक अवध झाले खुटी उखु आपूर्ति मिलको क्यालेन्डरअनुसार हुने भएकाले बिना चलान उखु ल्याउँदा व्यवस्थापनमा कठिनाइ हुने बताए।

उनले पुस २३ गतेदेखि बिना चलान आएका गाडी यार्डभित्र प्रवेश नदिइने र सडकमा समेत राख्न नपाइने स्पष्ट पारे। किसानहरुलाई टोकन गेटको दक्षिणतर्फ रहेको फराकिलो चौरमा गाडी पार्क गर्न आग्रह गरिएको छ। प्रबन्धक झाका अनुसार खुटी उखुको क्रसिङ्ग सम्पन्न भएपछि मात्रै मोरहन उखुको क्रसिङ्ग सुरु गरिनेछ। हाल मिलमा बाराबाट करिब ७० प्रतिशत र पर्साबाट ३० प्रतिशत उखु आपूर्ति भइरहेको छ। मिल व्यवस्थापनले किसानहरुलाई प्रणालीको पालना गर्दै समयमै चलान लिन विशेष ध्यान दिन अपिल गरेको छ।


एक-अर्काको धर्म-संस्कृति, रितिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं ।
बारागढी गाउँपालिकाको कार्यालय, खोपवा बाराद्वारा जनहितमा जारी सन्देश

साझेदारी राष्ट्रिय दैनिक
SAJHEDARI NATIONAL DAILY


# महाधिवेशन तथा विशेष महाधिवेशनमा सहभागि नहुन नेपाली कांग्रेस बाराको आग्रह

*साझेदारी संवाददाता*
*कलैया, २४ पुस*

पदाधिकारी वा सदस्यहरुले व्यक्तिगत रुपमा बोलाईएको महाधिवेशन वा विशेष महाधिवेशनको नाममा गरिने कुनै पनि गतिबिधिमा सहभागि नहुन नेपाली कांग्रेस बाराले आग्रह गरेको छ। नेपाली कांग्रेस बाराका पार्टी सभापति राजेशराय यादवले बिहीबार एक प्रेस विज्ञप्ति जारी गरी यस्तो अपिल गरेकाहुन्। विज्ञप्तिमा पार्टीको विधान विपरित हुने हुदाँ त्यस्ता गतिविधिमा संलग्न नहुन जिल्लाका पार्टीका सबै तहका पदाधिकारी एवं सदस्यहरु, महासमितिहरु, महाधिवेशन प्रतिनिधिहरु, भातृ एवं शुभेच्छुक संस्था पदाधिकारी तथा सदस्यहरुलाई अपिल गरेको छ।


राष्ट्रियता ।  लोकतन्त्र ॥  समाजवाद॥।

नेपाली कांग्रेस
जिल्ला कार्य समिति
बी.पी. स्मृति भवन, कलैया, बारा

पत्र संख्या:-
चलानी नं.:-

मिति: २०८२/०९/२४

प्रेस विज्ञप्ति

नेपाली कांग्रेस केन्द्रीय कार्यालयले पार्टीको विधान व्यवस्था भए बमोजिम केन्द्रको **"महाधिवेशन"** वा **"विशेष महाधिवेशन"** बोलाउने अधिकार व्यक्तिगत रुपमा पार्टीका कुनै पनि पदाधिकारी वा सदस्यलाई नभई केवल पार्टीको केन्द्रीय कार्यसमितिलाई मात्र रहेको छ । तसर्थ पदाधिकारी वा सदस्यहरुले व्यक्तिगत रुपमा बोलाईएको महाधिवेशन वा विशेष महाधिवेशनको नाममा गरिने कुनै पनि गतिबिधि पार्टीको विधान विपरित हुने हुदाँ त्यस्ता गतिविधिमा संलग्न नहुन यस जिल्लाका पार्टीका सबै तहका पदाधिकारी एवं सदस्यहरु, महासमितिहरु, महाधिवेशन प्रतिनिधिहरु, भातृ एवं शुभेच्छुक संस्था पदाधिकारी तथा सदस्यहरुलाई नेपाली कांग्रेस बाराले हार्दिक अपिल गर्दछ ।

साथै मिति २०८२ माघ ११ गते हुने राष्ट्रीय सभा सदस्य तथा मिति २०८२ फाल्गुन २१ गते हुने प्रतिनिधिसभा सदस्य चुनाम पार्टीको प्रतिष्ठा र हितलाई ध्यानमा राखी यस बारा जिल्लाका जिल्ला, प्रतिनिधिसभा क्षेत्र, महासमिति सदस्य, महाधिवेशन प्रतिनिधि, प्रदेशसभा क्षेत्र, पालिका, वडा तथा टोल तहका समिति, भातृ एवं शुभेच्छुक संस्था लगाएत सम्पूर्ण सदस्यहरु समर्थक र शुभेच्छुकहरुलाई उम्मेद्वारहरुलाई विजयी गराउने अभियानमा अझ सशक्त रुपमा लागि दिनु हुन नेपाली कांग्रेस बारा हार्दिक अनुरोध गर्दछ ।

जय नेपाल !

राजेश राय यादव
सभापति

*नेपाली कांग्रेस बारा द्वारा जारी प्रेस विज्ञप्ति ।*

नेपाली कांग्रेस केन्द्रीय कार्यालयले पार्टीको विधान व्यवस्था भए बमोजिम केन्द्रको "महाधिवेशन" वा "विशेष महाधिवेशन" बोलाउने अधिकार व्यक्तिगत रुपमा पार्टीका कुनै पनि पदाधिकारी वा सदस्यलाई नभई केवल पार्टीको केन्द्रीय कार्यसमितिलाई मात्र रहेको विज्ञप्तिमा स्पष्ट गरिएको छ। २०८२ माघ ११ गते हुने राष्ट्रीय सभा सदस्य तथा मिति २०८२ फाल्गुन २१ गते हुने प्रतिनिधिसभा सदस्य चुनावमा पार्टीको प्रतिष्ठा र हितलाई ध्यानमा राखी बारा जिल्लाका जिल्ला, प्रतिनिधिसभा क्षेत्र, महासमिति सदस्य, महाधिवेशन प्रतिनिधि, प्रदेशसभा क्षेत्र, पालिका, वडा तथा टोल तहका समिति, भातृ एवं शुभेच्छुक संस्था लगायत सम्पूर्ण सदस्यहरु समर्थक र शुभेच्छुकहरुलाई उम्मेदवारहरुलाई विजयी गराउने अभियानमा अझ सशक्त रुपमा लाग्न विज्ञप्तिमा अनुरोध गरिएको छ।

# दुई किलोभन्दा बढी प्रतिबन्धित लागु औषध अफिम सहित तीन जना पक्राउ

*साझेदारी संवाददाता*
*कलैया, २४ पुस*

प्रतिबन्धित लागू औषध अफिम सहित तीन जना बिहीबार बाराबाट पक्राउ परेकाछन्।

पक्राउपर्नेमा पर्सा जिल्लाको बहुदरमाई नगरपालिका वडा नं.०७ बस्ने ३८ वर्षीय निलेश पटेल कुर्मी लगायतका तीन जना रहेको बाराका निमित्त सूचना अधिकारी एवम् प्रहरी निरीक्षक सुरेशराज भट्टले जानकारी दिएकाछन्।

बीरगंज महानगरपालिका वडा नं. ११ बस्ने अन्दाजी ३२ वर्षीय जौवाद अहमद पक्राउ परेका हुन्। यस्तै पर्सा बिन्दवासनी गाउँपालिका वडा नं. ०२ बस्ने ४८ वर्षीय शेषनाथ चौरसिया पक्राउ परेकाहुन्।



*प्रतिबन्धित लागु औषध पक्राउ परेकाहरु ।* **फोटो: बारा प्रहरी**

प्रतिबन्धित लागू औषध अफिम सहित पक्राउ परेका तिनै जनालाई नियन्त्रणमा लिई थप अनुसन्धान कार्य भईरहेको भट्टले

**बाँकी तेस्रो पृष्ठमा**

# एक सय पैतालीस विद्यार्थिलाई लायन्सद्वारा खाजा वितरण


*खाजा वितरण कार्यक्रममा उपस्थित विद्यार्थिहरु ।* **फोटो: साझेदारी**

*साझेदारी संवाददाता*
*कलैया, २४ पुस*

लायन्स क्लव अफ कलैया बाराले बिहीबार विद्यार्थिलाई खाजा वितरण गरेको छ। लायन्स ईन्टरनेशनलको संस्थापक मेल्भिन जोन्सको १४७ औ जन्म जयन्तिको अवसरमा साताव्यापि रुपमा गरिने समाजिक कार्यक्रम अन्तर्गत दोस्रो दिन खाजा वितरण गरिएको हो।

कलैया उपमहानगरपालिका वडा नं ११ मा रहेको श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, घोघलडियाका १४५ बिध्यार्थिहरुलाई खाजा चिउडा, भुजा, चना तरकारी, आलु,प्याज, भन्टा, कोभिको पकोडा खुवाउने कार्यक्रम सम्पन्न गरिएको छ।

लायन्स क्लव अफ कलैया,बारा को सदस्य लायन समीर

**बाँकी तेस्रो पृष्ठमा**

# नेरामावि सिमराको ६८ औं वार्षिकोत्सव भव्य रुपमा सम्पन्न हुँदै

*रञ्जन यादव*
*जीतपुर, २४ पुस*

सिमरास्थित श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय (नेरामावि) ले स्थापना भएको ६८ वर्ष पूरा गरी ६९औं वर्षमा प्रवेश गरेको अवसरमा पहिलो पटक भव्य वार्षिकोत्सव कार्यक्रम आयोजना गरेको छ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्ण अधिकारीको अध्यक्षतामा बिहीबार सुरु भएको औपचारिक उद्घाटन समारोहमा सूर्य नेपाल प्रालिका प्रबन्धक प्रमुख सुरेश काजी श्रेष्ठ प्रमुख अतिथिका रूपमा सहभागी हुनुभयो। समारोहमा विद्यालयको शैक्षिक यात्रा, हालसम्मका उपलब्धि तथा भावी योजनाबारे जानकारी प्रस्तुत गरिएको थियो।


*कार्यक्रममा सहभागिहरु ।* **फोटो: साझेदारी**

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक शंकर आचार्यले विद्यालयको शैक्षिक तथा भौतिक

**बाँकी तेस्रो पृष्ठमा**


# देवताल गाउंपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

पिप्राढी गोठ, बारा
मधेश प्रदेश, नेपाल

## सेवा करारमा नगर प्रहरी पदपूर्ति सम्बन्धि सूचना

*प्रथम पटक प्रकाशित मिति: २०८२/०९/२४ गते*

यस गाउँपालिकाको लागि देहाय बमोजिमको पदमा खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा सेवा करारमा नगर प्रहरी पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेको उम्मेदवारहरुले देवताल गाउँपालिकाको कार्यालयमा दरखास्त आवेदन दिनुपर्ने हुन्छ। दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पछि कार्यालय खुल्ने दिनलाई अन्तिम दिन मानिने छ।

| क्र.स. | विज्ञापन नं. | पद | न्यूनतम शैक्षिक योग्यता | संख्या | दस्तुर |
|---|---|---|---|---|---|
| १ | ७/०८२/०८३ | नगर प्रहरी सहायक निरिक्षक | प्रविण्ता प्रमाणपत्र वा सो सरह उतिर्ण | १ | १००० |
| २ | ८/०८२/०८३ | नगर प्रहरी बरिष्ठ हवलदार | SLC/SEE वा सो सरह उतिर्ण | १ | ७०० |
| ३ | ९/०८२/०८३ | नगर प्रहरी सहायक हवलदार | SLC/SEE वा सो सरह उतिर्ण | १ | ७०० |
| ४ | १०/०८२/०८३ | नगर प्रहरी जवान | साधारण (साक्षर) लेखपढ गर्न सक्ने | २४ | ५०० |
| ५ | ११/०८२/०८३ | नगर प्रहरी सहयोगी | साधारण (साक्षर) लेखपढ गर्न सक्ने | ३ | ५०० |

**परीक्षाको किसिम:**

**प्रथम चरण** : साधारण स्वास्थ्य परिक्षण, शारिरिक परीक्षण तथा शारिरिक तन्दुरुस्ती परीक्षण
**द्वितीय चरण** : लिखित परीक्षा र अन्तरवार्ता ।
नगर प्रहरी जवान तथा नगर प्रहरी सहयोगी पदको हकमा लिखित परीक्षा हुने छैन । अर्थात साक्षरतालाई मध्य नजर गरिनेछ ।
प्रथम परीक्षा उतिर्ण भएको उम्मेदवारहरुले मात्र द्वितीय चरणको परीक्षामा संलग्न गराइनेछ ।
**दरखास्त दिने अन्तिम मिति :** २०८२/१०/०९ गते कार्यालय समय भित्र ।
**परीक्षा मिति र केन्द्र** : देवताल गाउँपालिकाको कार्यालय पिप्राढी गोठ, बारा ।

**उम्मेदवारको उमेरको हद :**

**नगर प्रहरी सहायक निरिक्षक पदको हकमा** : दरखास्त दिन अन्तिम मिति सम्म १८ बर्ष पूरा भई ४० वर्ष ननाघेको
**नगर प्रहरी बरिष्ठ हवलदार/हवलदार पदको हकमा** : दरखास्त दिन अन्तिम मिति सम्म १८ बर्ष पूरा भई ३७ वर्ष ननाघेको
नगर प्रहरी जवान पदको हकमा : दरखास्त दिन अन्तिम मिति सम्म १८ बर्ष पूरा भई ३५ वर्ष ननाघेको,
**नगर प्रहरी सहयोगी पदको हकमा** : दरखास्त दिन अन्तिम मिति सम्म १८ बर्ष पूरा भई ४० वर्ष ननाघेको,
नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भई सकेको नगर प्रहरी सहायक निरिक्षक पदको हकमा ५० बर्ष उमेर ननाघेको, नगर प्रहरी बरिष्ठ हवलदार/हवलदार पदको हकमा ५० बर्ष उमेर ननाघेको, नगर प्रहरी जवान/नगर प्रहरी सहयोगी पदको हकमा ४० बर्ष उमेर ननाघेको हुनुपर्नेछ ।
**आवेदन दस्तुर बुझाउने स्थान :-** देवताल गाउँपालिकाको राजश्व शाखामा ।
दस्तखत दिने स्थान :- देवताल गाउँ कार्यपालिकाको कार्यालय पिप्राढी गोठ, बारा।
**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु :** व्यक्तिगत निवेदन, नेपाली नागरिकताको प्रतिलिपी, हालसालै खिचिएको फोटो ३ प्रति,तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपी,अन्तराष्ट्रिय शिक्षण संस्थाबाट अध्ययन गरेको खण्डमा नेपाल सरकारको बाट समकक्षता प्रमाणपत्रको प्रतिलिपि ।
**पाठ्यक्रम :-** देवताल नगर प्रही सम्बन्धी ऐन, २०८२ मा तोकिएको पाठ्यक्रम अनुसार ।
प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तर्वार्ता लगायत अन्य जानकारीको लागि देवताल गा.पा.को सूचना पाटी तथा वेबसाईट (www.devtalmun.gov.np) प्राप्त गर्न सकिनेछ ।
***नोट : अन्य जानकारीको लागि प्रशासन शाखा शाखा वा मो नं. ९८५५०४८६३९ मा सम्पर्क गर्नु हुन अनुरोध छ ।***

**कृष्ण नन्दन राय**
प्रमुख प्रशासकिय अधिकृत


**जन्म दर्ता, मृत्यु दर्ता, बसाईसराई लगायत घटना दर्ताहरु समयमै गर्ने गरौं ।**
**देवताल गाउँपालिकाको कार्यालय, पिप्राढीगोठद्वारा जनहितमा जारी सन्देश**